**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख ८ गते**
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख ८ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसारे** त्रिवेणी नगरपालिका - ९ का दुई जनामा वैशाख ८ गते र्‍यापिड डाइग्नोष्टिक टेष्ट गरिएकोमा एक जनाको रिपोर्ट पोजेटिभ देखिएको छ । भारतको करौलबाट चैत २ गते फर्किएका त्रिवेणी नगरपालिका - ९ का ६० वर्षीय र २२ वर्षीय पुरूषमा र्‍यापिड डाइग्नोष्टिक टेष्ट गरिएकोमा ६० वर्षीय पुरूषको रिपोर्ट पोजेटिभ देखिएको नगरपालिकाका स्वास्थ्य संयोजक चिरिञ्जीवि शाहले जानकारी दिनुभयो । र्‍यापिड टेष्ट रिपोर्ट पोजेटिभ देखिएका ६० वर्षीय बृद्धालाई वैशाख ८ गते रातिनै जिल्ला अस्पताल, बाजुराको आइसोलेसनमा राखिएको स्वास्थ्य कार्यलय ,बाजुराका प्रमुख दयाकृष्ण पन्तले बताउनु भयो । २२ वर्षीय युवामा दुई पटक र्‍यापिड डाइग्नोष्टिक टेष्ट परीक्षण गर्दा रिपोर्ट नेगेटिभ देखिए पनि उनलाई त्रिबेणी नगरपालिकाको क्वारेन्टाइनमा राखिएको र ६० वर्षीय बृद्धाको दोस्रो पटकको रिपोर्ट पनि पोजेटिभ देखिएको स्वास्थ्य सयोजक शाहको भनाइ छ । र्‍यापिड डाइग्नोष्टिक टेष्ट रिपोर्ट पोजेटिभ देखिएका ६० वर्षीय बृद्धाको थ्रोट स्वाब नमूना सङ्कलन गरी परीक्षणका लागि वैशाख ८ गते सेती प्रादेशिक अस्पताल पठाइएको जनाइएको छ ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** कोरोना भाइरसबाट सङ्क्रमित बिरामीको उपचारका लागि कञ्चनपुरको महाकाली अस्पतालमा ५० शैयाको आइसोलेसन कक्ष निर्माण कार्य सुरू भएको छ । सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयले कोरोना भाइरस नियन्त्रणका लागि महाकाली अस्पताल परिसरमा आइसोलेसन कक्ष बनाउन १ करोड रकम विनियोजन गरेको छ । प्रदेश सरकारले विनियोजन गरेको रकममध्ये ९२ लाख ६७ हजार रूपियाँमा डिपिन विल्डर्स नामक निर्माण कम्पनीसँग सम्झौता गरी आगामी जेठ ६ गते काम सुरू भइसकेको महाकाली अस्पताल प्रशासनका लेखा अधिकृत नन्दराज भट्टले जानकारी दिनु भयो ।
मन्त्रालयले आइसोलेसन कक्ष निर्माणका लागि रकम विनियोजन गरेको भएपनि आवश्यक शैया र फर्निचरका लागि रकम नछुट्याएका कारण थप १० लाख रूपियाँ माग गरिएको भट्टको भनाइ छ । प्रदेश सरकारले धनगढी र कञ्चनपुरमा ५०/५० शैयाको कोरोना विषेश अस्पताल निर्माण गर्ने निर्णय अनुसार निर्माण कार्य सुरू गरिएको हो ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** लकडाउनका क्रममा छाकटार्न समस्या भएका १ सय १७ जना विपन्न परिवार र ६६ जना मजदुरलाई बान्नीगढी जयगढ गाउँपालिकाले राहतस्वरूप खाद्यन्न वितरण गरिएको छ । गाउँपालिकामा रहेका दुईदेखि ६ वडाका विपन्न, मजदुरलाई २५ किलो चामल, दुई किलो दाल, दुई पोका नुन र दुई पोका तेल राहत वितरण गरिएको गाउँपालिकाका अध्यक्ष राजेन्द्रबहादुर खड्काले जानकारी दिनुभयो । गाउँपालिका-१ का १९, वडा नम्बर २ का सात, वडा नम्बर ३ का ४३, वडा नम्बर ४ का १६, वडा नम्बर ५ का ३५ र वडा नम्बर ६ का ५५ घरधुरीलाई राहत वितरण गरिएको गाउँपालिकाले जानकारी दिएको छ । गाउँपालिकाले राहत वितरण मापदण्ड तयार पारेर खाद्यन्न वितरण गरिएको बताइएको छ ।

सामाजिकदुरी कायम गर्दै मंगलसेन नगरपालिका प्रमुख पदमबहादुर बोहराको अध्यक्षतामा वैशाख ८ गते बसेको नगर कार्यपालिकाको २० औँ बैठकले कोरोना भाइरस सङ्क्रमणलाई रोकथाम गर्नका लागि जारी गरिएको लकडाउनका क्रममा समस्यामा परेका विपन्न र असाहय व्यक्तिहरूको विवरण सङ्कलन गरी तीनदिनभित्र राहत वितरण गर्ने निर्णय गरेको छ । लकडाउनबाट प्रभावित असङ्गठित श्रमिक, विपन्न, अपाङ्ग तथा असहाय नागरिकलाई पहिलो प्राथमिकतामाराखि वडामै गएर राहत वितरण गरिने नगर प्रमुख पदमबहादुर बोहराले जानकारी दिनुभयो । यसैगरी बैठकले सरकारले कोरोना रोगको उपचारमा सुदूरपश्चिममा लेभल १ मा राखेको अछाम अस्पताललाई आवश्यक उपकरण, औषधिलगायतका स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न आवश्यक सहयोग गर्ने निर्णय गरेको छ । नगर क्षेत्रमा लकडाउनका क्रममा अत्यावश्यकबाहेक पैदलयात्री तथा सवारीसाधनको अनुगमन, कालोबजारी नियन्त्रण गर्ने कार्यपालिका बैठकले निर्णय गरिएको छ ।
साँफेबगर नगरपालिकाले लकडाउनका क्रममा खाद्य अभाव भएका घरपरिवारलाई सम्बन्धित वडामै गएर २ सय ४८ परिवारका ८ सय ३७ जनालाई खाद्य राहत वितरण गरिएको छ । वडा नम्बर १ का ३६ जना, वडा नम्बर २ का २५ जना, वडा नम्बर ३ का २७ जना, वडा नम्बर ४ का ८५ जना, वडा नम्बर ५ का नौ जनालाई खाद्यन्न वितरण गरिएको नगरपालिकाले जानकारी दिएको छ । यसैगरी वडा नम्बर ६ मा एक, वडा नम्बर ७ मा २५, वडा नम्बर ८ मा १२, वडा नम्बर ९ मा ६, वडा नम्बर १० मा सात, वडा नम्बर १३ मा चार, वडा नम्बर १४ मा ११ परिवारलाई खाद्यन्न वितरण गरिएको नगरप्रमुख कुलबहादुर कुँवरले जानकारी दिनुभयो ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** भारतको धार्चुलास्थित मिनि स्टेडियको क्वारेन्टाइनमा राखिएका मालिकार्जुन गाउँपालिका - ८ का ३८ वर्षीय गोपालसिह धामीको उपचारको लागि पहल सुरू भएको छ । २३ दिनदेखि क्वारेन्टाइनमा बस्नुभएका धामी विगत एकसातादेखि मानसिक समस्यामा हुनुहुन्छ ।
क्वारेन्टाइनमा बस्दैआएका धामीको मानसिक समस्या भएको भन्दै उनको उपचार आवश्यक भएको भन्दै इन्सेक जिल्ला प्रतिनिधिले समाचार सम्प्रेषण गरेका थिए । जिल्ला प्रशासन कार्यालय ,दार्चुलाले वैशाख ८ गते भारत पिथौरागढ जिल्ला अन्तर्गत एसडिएम कार्यालय धार्चुलालाई सम्बोधन गर्दै धामीको उपचारका लागि आवश्यक समन्वय एवं सहजीकरण गरिदिन पत्रचार गरिएको सहायक प्रमुख जिल्ला अधिकारी टेकसिह कुवँरले जानकारी दिनुभयो ।
क्वारेन्टाइनमा रहेका धामीले एक्लै बोल्ने, गालिगलौच गर्ने, लुगा च्यातेर नाङ्गै हिड्ने जस्ता असहज व्यवहार गर्दै आएको धामीसँगै क्वारेन्टाइनमा बस्दै आएका मालिकार्जुन गाउँपालिका- ३ का मानसिह धामीले बताउनु भयो । भारतमा मजदुरी गरेर फर्किने क्रममा लकडाउन हुँदा उनी धार्चुलामै अलपत्र परेका थिए । यसैबीच मालिकार्जुन गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय, दार्चुलालाई पत्र पठाएर मानसिक विरामी धामीको भारतमै उपचारको बन्दोबस्त मिलाउन पत्रचार गरेको छ । आर्थिक अवस्था कमजोर रहेका धामीको यअसघि दुई पटक भारतकै बरेली र एक पटक नेपालको ललितपुर अस्पतालमा उपचार भएको थियो ।
कोरोना भाइरसको सङ्क्रमण रोक्न सरकारले जारीगरेको लकडाउनका कारण खोप कार्यक्रम स्थगन हुँदा नियमित खोप कार्यक्रमअन्तर्गत अढाई सय बालबालिका खोपबाट वञ्चित भएका छन् । नियमित खोप कार्यक्रम प्रभावित हुँदा २ सय ६० बढि बालबालिका मासिक रूपमा प्रभावित भएको स्वास्थ्य कार्यालय, दार्चुलाले जनाएको छ । वर्षभरी ३ हजारदेखि ३ हजार १ सयसम्म बालबालिका खोपको पहुँचमा रहने भएपनि योवर्ष एक महिनाको लकडाउनका कारण अढाई सय बढि बालबालिकाले

नियमित खोप पाउन नसकेको खोप सुपरभाइजर विरेन्द्र भट्टले बताउनु भयो । ११ ओटा रोगविरूद्ध लगाईने नियमित खोप प्रभावि हुँदा बालबालिकाको भाइरल रोगहरूसँग लड्ने प्रतिरोधात्मक क्षमतामा कमी हुँने स्वास्थ्यकर्मीहरूको भनाइ छ । गर्भवतीलाई दिइने खोपसमेत बन्द गरिएको छ । जन्मिएको १५ महिनासम्म बालबालिकालाई ११ किसिमका खोप लगाउनु पर्छ । बीसीजी खोप जन्मनासाथ लगाइन्छ । तर, लकडाउनका कारण बालबालिकाहरूले खोप पाउन सकेका छैनन् । संघीय सरकारको निर्णयअनुसार खोप कार्यक्रम बन्द भएकोले लकडाउन खुलेपछि बालबालिकामा खोपको निरन्तरता दिइने भट्टको भनाइ छ ।  नियमित खोप दार्चुलाका लगाइने गरेको थियो । स्वास्थ्य चौकी, अस्पताल र गाउँघर क्लिनिकमार्फत १ सय ४५ ठाउँमा खोप लगाइन्थ्यो ।

लकडाउनको समयमा वैशाख ७ गते राती महाकाली नदीबाट मान्छे ओसारपसार गरिरहेको अवस्थामा महाकाली नगरपालिका - ७ का २३ वर्षीय करन टमटालाई वडा नम्बर ७ धापबाट प्रहरीले नियन्त्रणमा लिएको छ । भारतबाट महाकाली नदीमा ट्युबमार्फत दुई जना व्यक्तिलाई ओसार्दै गरेको अवस्थामा गस्तीमा रहेको प्रहरी टोलीले टमटालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय, दार्चुलाका प्रहरी निरीक्षक भास्कर चन्दले बताउनु भयो । भारतमा एक महिनादेखि अलपत्र परेका नेपालीबाट मोटो रकम असुल्दै ट्युबमार्फत नेपाल भित्र्याउनमा सङ्लग्न रहेको भन्दै टमटालाई गिरफ्तार गरिएको प्रहरीले जनाएको छ । टमटाविरूद्ध सङ्क्रमण रोग ऐन २०२० अनुसार मुद्दा दर्ता गरी वैशाख ७ गते राती नै क्वारेन्टाइनमा राखिएको छ ।

नेपाल भारत लकडाउन भएयता महाकाली नदी तरेर आउने क्रम रोकिएको छैन् । जिल्लाको लेकम गाउँपालिका- ३ लालीदेखि व्यास गाउँपालिका- २ दुम्लीङसम्मका नाका प्रयोग गरी नेपाली घर फर्किरहेका छन् । नेपालमा गत चैत ११ गतेदेखि लकडाउन घोषणा भएसँगै सीमामा अलपत्र परेका नेपालीहरू महाकाली भएर आउन थालेका हुन् । वैशाख ७ गते राती महाकाली नगरपालिका- ५ खेट्टयाबगर क्षेत्रबाट चार जना नेपाली घर फर्किएका छन् । धार्चुलाको कालीका क्षेत्रमा मजदुरी गर्न गएका नौगाड गाउँपालिका - ४ का पूर्णसिह धामी, दलबीर धामी, ललित धामी र वडा नम्बर ५ का राजेन्द्रसिह धामी महाकाली तरेर नेपाल प्रवेश गरेको महाकाली नगरपालिका विपद् शाखा संयोजक भुवन जोशीले जानकारी दिनुभयो । भारतबाट क्वारेन्टाइनमा नबसेरै घर छिर्न लागेको थाहाँ भएपछि नगरपालिकाको टोली गएर उनीहरूलाई महेन्द्र नमूना मावि खलंगाको क्वारेन्टाइनमा राखिएको संयोजक जोशीले बताउनु भयो । खेट्याबगरमा महाकाली तरेर आएका चारै जना महाकाली नगरपालिका- ६ पौनेखोलाबाट ल्याएर क्वारेन्टाइनमा राखिएको छ । पौनेखोला भएर नौगाड हिडेका उनीहरूलाई स्थानीयले देखेपछि नगरपालिकामा खबर गरेका थिए ।

लकडाउनका कारण समस्यामा परेका छांगरू र तिंकरका ५८ परिवारलाई वैशाख ८ गते व्यास गाउँपालिका वडा नम्बर १ ले राहत वितरण गरेको छ । गाउँ कार्यपालिकाले गरेको निर्णय अनुसार गरिब, असङ्गठित मजदुर, एकल महिला, एकल महिलालगायतलाई वडा कार्यालयमा राहत वितरण गरिएको वडा अध्यक्ष अशोकसिह बोहराले बताउनु भयो । वडाले प्रतिपरिवार ३० किलो चामल, दुई किलो दाल, दुई किलो चिनी, दुई किलो नुन, दुई लिटर तेल र चार पिस साबुन  वितरण गरिएको बोहराले बताउनु भयो ।

यसैगरी मालिकार्जुन गाउँपालिका वडा नम्बर ७ जौलजीविमा गाउँ कार्यपालिकाले गरेको निर्णय अनुसार वडाभरीका ६५ परिवारलाई राहतस्वरूप खाद्यान्न वितरण गरिएको वडा अध्यक्ष लोकेन्द्रसिह धामीले जानकारी दिनुभयो । कम्तीमा १० किलोदेखि बढिमा ३० किलोसम्म चामल परिवार संख्याको आधारमा वितरण गरिएको वडाले जनाएको छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** कोरोना भाइरस सङ्क्रमणका कारण उत्पन्न वर्तमान जटिल परिस्थितीमा मानव अधिकार अवस्था अनुगमन नेटवर्कको कार्यविधि २०७६ अनुसार जिल्लास्तरीय मानव अधिकार अवस्था अनुगमन समिति वैशाख ८ गते गठन गरिएको छ । पत्रकार महासङ्घ ,बैतडीका प्रेमसिंह भाट संयोजक रहने गरी अनुगमन समितिमा इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुलाई सदस्यमा मनोनित गरिएको छ । समितिको अन्य सदस्यमा नेपाल बारएशोसियसनका हरिदत्त भट्ट, गैरसरकारी संस्था महासङ्घकातर्फबाट गोबिन्दराज जोशी र मानव अधिकार समूहका निर्मला टेर रहनु भएको छ ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**